थाहाको १२ वटै वडाका उपभोक्ता समितिलाई अनुशिक्षण। पृष्ठ ५ मा

प्रेस काउन्सिलबाट 'क' वर्गको मान्यता प्राप्त

# विकास

www.bikaskhabar.com
खबरपत्रिका साप्ताहिक

विकास खबरपत्रिका राष्ट्रिय साप्ताहिक
कार्यालय:
थाहा नगरपालिका-८
मकवानपुर
सम्पर्क नं.
९८०७१५३३००
इमेल:
bikaskhabar@gmail.com

● मकवानपुर, वर्ष-१६, अंक-०९ ● २०८० भाद्र २५ गते सोमबार, ● 11 Sep., 2023, ● नेपाल सम्वत्-११४३, ● पृष्ठ-६, ● मूल्य रु. १०/-



*थाहानगर उद्योग वाणिज्य संघको प्रथम नगर अधिवेशन*

## अध्यक्षमा ढकाल निर्वाचित



विकास संवाददाता
थाहानगर

थाहानगर उद्योग वाणिज्य संघको प्रथम नगर अधिवेशनबाट अध्यक्ष पदमा पुरूषोत्तम ढकाल निर्विरोध निर्वाचित भएका छन् । २३ भाद्रमा भएको अधिवेशनले ढकालको नेतृत्वमा सबै पदहरूमा निर्विरोध निर्वाचित भएको हो । ढकाल अघिल्लो कार्यकालमा वरिष्ठ उपाध्यक्ष थिए ।

नव गठित कार्यसमितिको वरिष्ठ उपाध्यक्षमा शम्भु सिं कार्की, उपाध्यक्ष (वाणिज्य) सुरेन्द्रमान प्रधान, उपाध्यक्ष (उद्योग) सानुकाजी गोपाली, उपाध्यक्ष (वस्तुगत) राजेन्द्र बिडारी, महासचिव जर्मलाल श्रेष्ठ, सचिव श्रीराम कार्की, सह(कोषाध्यक्ष निरोज प्रधान सर्वसम्मत भएका हुन् ।

समितिको सदस्यहरू (वाणिज्य)मा बलराम थापा, बिक्रम केसी, अञ्जल प्रधान, धर्मलाल प्रधान, ईश्वर कार्की, यादव जंग रायमाझी र जयराम खत्री के.सी. सर्वसम्मत भएका छन् ।

यसैगरी, ४ उद्योगतर्फका सदस्यहरूमा आरती श्रेष्ठ, सुमन विष्ट, राजन प्रसाद ढकाल र हरेराम कार्की निर्विरोध भएका छन् । संघको कार्यसमिति सदस्य (वस्तुगत) तर्फ सुबिन्द्रमान प्रधान, वाणिज्य सदस्य (महिला) यशोदा अधिकारी निर्विरोध भएको निर्वाचन अधिकृत विवेक मानन्धरले जानकारी दिए ।

यसैबीच थाहा नगरका प्रमुख विष्णु बहादुर विष्टले कृषि र पर्यटनको क्षेत्रमा अघि बढिरहेको मकवानपुरको थाहानगरको विकासका लागि निजी क्षेत्रको महत्त्वपूर्ण भूमिका रहने बताएका छन् । थाहानगर उद्योग वाणिज्य संघको आठौं वार्षिक साधारणसभामा प्रमुख अतिथि विष्टले थाहानगरको समग्र विकासका लागि उद्योग वाणिज्य संघको भूमिका महत्वपूर्ण रहने हुँदा थाहामा लगानी भित्र्याउन निजी क्षेत्रलाई आव्हान गरे ।

संघका अध्यक्ष कबिराज खत्रीको सभाध्यक्षतामा भएको सभामा नेपाल उद्योग वाणिज्य महासंघ बागमती प्रदेशका अध्यक्ष दिलसुन्दर श्रेष्ठ, थाहा नगरपालिकाका प्रमुख कार्यकारी अधिकृत कृष्ण गिरी, थाहा नगरपालिका ६ नम्बर वडा अध्यक्ष राजनभक्त श्रेष्ठ, नेकपा माओवादी केन्द्र थाहाका सचिव लक्ष्मण विष्टलगायतले वर्तमान अवस्थामा निजी क्षेत्रले भोगिरहेको समस्यामा संस्थाले खेल्नु पर्ने भूमिकाका बारेमा बताएका थिए ।

## इन्द्रसरोवर ताल सरसफाई गर्न ध्यानाकर्षण

◆ विकास संवाददाता

नेकपा एमालेका सचेतक महेश बर्तौलाले मकवानपुरको इन्द्रसरोवर तालको सरसफाई तथा संरक्षण गर्न सरकारलाई ध्यानाकर्षण गराएका छन् । सरकार कुम्भकर्ण निन्द्रामा परेको टिप्पणी गर्दै बर्तौलाले ईन्द्रसरोवर तालबाट १०४ मेघावाट विजुली उत्पादन हुने बताउदै तालको संरक्षण गर्न नसके निकट भविष्यमा नै आयामेजना खतरामा पर्न सक्ने उल्लेख गरे ।

१८ भाद्रमा बसेको प्रतिनिधिसभाको बैठकमा सांसद बर्तौलाले तालमा ८५ लाख घनमिटर पानी अटाउने क्षमता रहेको उल्लेख गर्दै अहिले तालमा ६२ लाख घनमिटर पानी रहेको र बाँकी करिव २३ लाख घनमिटरमा हिलोमाटो, बगर थुप्रिएको उल्लेख गर्दै तालको सरसफाई तथा संरक्षण गर्न सरकारलाई ध्यानाकर्षण गराए । सरकारले विगत ४ वर्षदेखि यो देशका १ लाख ५० हजार भन्दा बढी नागरिकहरूले कोरोनाको बीमा गरे त्यसबापत ११ अर्ब रकम अझसम्म प्राप्त गर्न नसकेको बताए ।

बर्तौलाले भने-'यो सरकार माटोको तोर्मा जस्तो भयो सभामुख ज्यू । आईया पनि छैन आत्था पनि छैन् । विगत ४ वर्ष देखि यो देशका १ लाख ५० हजार भन्दा बढी नागरिकहरूले कोरोनाको बीमा गरे त्यसबापत ११ अर्ब रकम अझसम्म प्राप्त गर्न सकेको छैन् । सरकारलाई त्यस्को कुनै चासो छैन् । कुम्भकर्ण निद्रामा पर्‍यो ।'

## चित्लाङको सोलार मुख्य विद्युत प्रणालीमा जोडियो

◆ विकास संवाददाता

मकवानपुरको चित्लाङको मदन भण्डारी विश्वविद्यालयले सोलार मार्फत उत्पादन गरेको बिजुली पालुङ वितरण केन्द्रको विद्युत प्रणलीमा जोडिएको छ ।

पालुङ वितरण केन्द्रको कार्य क्षेत्र अन्तर्गत थाहा नगरपालिका वडा नम्बर ९ चित्लाङ स्थित मदन भण्डारी विश्वविद्यालय परिसरमा जडान गरिएको ५ सय किलोवाट क्षमताको सोलार प्रणालीबाट उत्पादित बिजुली नेट मिटरिङको माध्यम मार्फत पालुङ वितरण केन्द्रको ११ के भि सिस्टममा जडान भएको पालुङ वितरण केन्द्रका प्रमुख विरमान रास्कोटीले जानकारी दिए ।



## शिखरकोटमा कृष्णाष्टमी पर्व!

◆ विकास संवाददाता

कृष्णाष्टमीको अवसरमा मकवानपुर थाहा नगरपालिकाको शिखरकोटमा भएको २३ औं घैटो फुटाउने प्रतियोगितामा बागेश्वरी युवाक्लब थाहा नगरपालिका वडा नम्बर ३ डाँडागाउँ प्रथम भएको छ बागेश्वरीले प्रथम भएसंगै नगद २० हजार पुरस्कार प्राप्त गरेको छ ।

शिखरकोट बजार ब्यबस्थापन समिती, शिखर क्लब, दामन चेली समाज, नवजागृत पुस्तकालय तथा गोपाली गाउँको नेवारी समुदायको साँस्कृतिक समूहको आयोजना कार्यक्रम भएको प्रतियोगितामा आग्रा समूह द्वितीय र थाहानगरपालिका वडा नम्बर-५ समूह तृतीय भएका छन् । उक्त समुहहरूले क्रमशः १३ हजार र ७ हजार रूपियाँ पुरस्कार पाएको छ । कृष्ण जात्राको अवसरमा भएको घैटो फुटाइ प्रतियोगिताको माझ वृहत साँस्कृतिक कार्यक्रम, श्रीकृष्णको रथयात्रा, बजागाजाको साथमा लाखेनाच समेत भएको थियो ।

प्रतियोगिताको लागि प्रथम पुरस्कार थाहा ४ किटेनीका युवा व्यावसायी, समाजसेवी तथा साझा रोडा ढुङ्गा उद्योगका संचालक रामराजा केसीले प्रायोजन गरेका थिए । त्यस्तै दोस्रो पुरस्कार सिद्धि विनायक विल्डर्स वासिङ प्लान्ट प्रा.लि.का संचालक विपिन गोपालीले र तेस्रो पुरस्कार साहारा रिसोर्टका सञ्चालक हरेराम कार्कीले प्रायोजन गरेको आयोजक समितिका निरज रायमाझीले जानकारी दिए ।

घैटो फुटाई प्रतियोगिता वि.सं. २०५४ सालदेखि शुरू भएको हो । तीनवर्ष अघि लगातार दुई वटा जात्रामा भने कोभिड-१९ को संक्रमण जोखिमका कारण स्थगित भएको थियो ।



# सम्पादकीय

## कृषि: खै त तथ्याङ्क विश्लेषण ?

नेपालले आफुलाई कृषि प्रधान देशको रुपमा दर्ज गरेको छ । यहाँका ६२ प्रतिशत घरपरिवार कृषिमा निर्भर रहेको तथ्याङ्क छ । त्यसोतः आफ्नै उब्जनीले वर्षभर खान पुग्ने कृषक परिवार भने ४५ प्रतिशत मात्रै रहेको नयाँ तथ्यांकले देखाएको छ । सरकारले गरेको लगानीको अनुपातमा यो वृद्धि ज्यादै न्यून हो । कम्तीमा विद्यमान कृषि नीति र लगानीमा पुनर्विचार गर्न आवश्यक छ भन्ने यो तथ्यांकबाट पुष्टि हुन्छ । कृषिको विकासका लागि नयाँ मार्गचित्र आवश्यक छ । विगत १० वर्षको तथ्याङ्क हेर्ने हो भने कृषिमा आश्रित घरपरिवार ७१ प्रतिशतबाट ६२ प्रतिशतमा झरेको छ । यो ६२ प्रतिशतमध्ये पनि ५५ प्रतिशतलाई वर्षभरि खान नपुग्ने भनेको नेपालको कृषि कार्यक्रमको असफलता हो । राष्ट्रिय तथ्यांक कार्यालयले सार्वजनिक गरेको सातौं राष्ट्रिय कृषि गणना २०७८ ले कृषिको उत्पादन र उत्पादकत्वमा सामान्य सुधार आएको देखाएको छ । तर नेपाल खाद्यान्नमा परनिर्भर हुँदै गएको छ । आत्मनिर्भरताको नारा लगाए पनि त्यसअनुसार काम गर्न सरकार असफल भएको देखिन्छ ।

सार्वजनिक तथ्यांकअनुसार २२ लाख ७४ हजार परिवार खानाको जोहोका लागि विदेश जान परेको, अन्य व्यवसाय गर्नु परेको वा भोकै पर्नुपरेको देखिन्छ । नेपालको कृषि व्यावसायिक नभएर निर्वाहमुखी भएको अवस्थामा ४५ प्रतिशतलाई आफ्नो उब्जनीले खान नपुग्नु भनेको मुलुकमा खाद्य सुरक्षाको अवस्था निकै कमजोर हुनु हो । नेपालमा कृषिमा आश्रित जनसंख्या घट्दो छ । यो विश्वभरिकै विकास क्रम हो । अर्थतन्त्रमा कृषिको योगदान पनि घट्दै उद्योग र सेवा क्षेत्रको योगदान बढ्ने प्रक्रिया विश्व अर्थतन्त्रमा देखिन्छ । तर, नेपालमा भने कृषि उत्पादन नै पर्याप्त नहुँदा खाद्य प्रशोधन उद्योगहरूसमेत फस्टाउन सकेका छैनन् । यसो हुनुमा कृषिप्रति जनतामा सकारात्मक सोच नआउनु हो । अलिक पढेलेखेका मानिसले यो पेशा छाड्दै जाँदा र युवाहरू वैदेशिक रोजगारीमा जाने क्रम बढ्दै जाँदा कृषिमा आश्रित परिवार बढेको छ तर कृषि क्षेत्रफल चाहिँ घट्दै गएको छ । अर्को, नेपालमा जुन ठाउँ कृषिका लागि बढी योग्य छ त्यही ठाउँमा शहरीकरण तीव्र रूपमा भइरहेको छ र कृषियोग्य जमीन धमाधम घडेरी बनिरहेको छ । यो प्रवृत्ति रोक्नका लागि सरकारले जग्गा वर्गीकरण गरेर मात्रै कित्ताकाट गर्न पाउने नीति ल्याए पनि अहिले घरजग्गाको कारोबार घटेकाले त्यसलाई बढ्न दिन यो नीतिबाट सरकार पछि हटेको छ ।

सरकारले मल, बीउ र सिँचाइको सुविधा पुऱ्याउन नसक्दा र निजीक्षेत्रलाई यी काममा सरिक हुन रोक्दा नै किसानहरूले दुःख पाइरहेका छन् । सिँचाइ छैन, बल्लतल्ल आकाशे पानीको भरमा खेती गर्न तयार भयो, मल पाइँदैन । सरकार ले उपलब्ध गराएको उन्नत जातको बीउ प्रयोग गर्दा धानमा पोस लाग्दैन, मकैमा घोका नै लाग्दैन । कृषिक्षेत्रलाई सरकारले प्रोत्साहन दिन अनुदानलगायत सुविधा नदिएको होइन । तर, सरकारले गरेको यो लगानी वास्तविक किसानसमक्ष पुग्न सकेको छैन । तथ्यांक विभागको तथ्यांकले कृषि क्षेत्रमा नयाँ ढंगले काम नगरे खाद्य असुरक्षा बढ्दै जाने तथ्य देखाएकाले गम्भीर बन्न आवश्यक छ । यसतर्फ नीति निर्माता र योजनाकारहरु ढिलो नगरी अघि बढ्नुपर्दछ ।


### थाहा नगरपालिकाको शिखरकोट काउण्टरबाट दिवा बस सेवा

| | | |
|---|---|---|
| विहान | ६:१५ | बजे काठमाण्डौ (हाइस) |
| विहान | ६:१५ | बजे हेटौंडा (फोर्स) |
| विहान | ७:१५ | बजे काठमाण्डौ (बस) |
| विहान | ८:00 | बजे हेटौडा (बस) |
| विहान | ८:१५ | बजे सिमभन्ज्याङ हुँदै काडमाण्डौ (फोर्स) |
| विहान | ९: 00 | बजे काठमाण्डौ (मिनीबस) |
| विहान | ९:00 | बजे हेटौंडा जम्बो हाइस |
| विहान | ९:४५ | बजे काठमाण्डौ फोर्स |
| विहान | १0:१५ | बजे मार्खु, पालुङ हुँदै हेटौंडा (मिनीबर्स) |
| विहान | १0:१५ | बजे काठमाण्डौ(फोर्स) |
| विहान | १0:३0 | बजे हेटौंडा (फोर्स) |
| विहान | ११:१५ | बजे काठमाण्डौ (मिनिबस) |
| विहान | १२:३0 | बजे हेटौंडा (बर्स) |
| मध्यान्ह | १२:३0 | बजे काठमाण्डौ (बस) |
| मध्यान्ह | १:३0 | बजे हेटौंडा (मिनीबस) |
| दिउँसो | १:३0 | बजे पालुङ गोगने पकने (मिनीबस) |
| दिउँसो | १:३0 | बजे काठमाण्डौ (फोर्स) |
| दिउँसो | २:३0 | बजे काठमाण्डौ (फोर्स) |
| दिउँसो | ३:00 | बजे पालुङबाट मार्खु (बस) |
| दिउँसो | ३:३0 | बजे पालुङबाट काठमाण्डौं (बस) |

*थप जानकारीको लागि नारायणी यातायात दिवा बस सेवा तथा टिकट काउण्टर दामन शिखरकोट इन्चार्ज अरुण लामा ९८५५०७२३२२ र नरेन्द्र अधिकारी ९८५५०७०५६१*

### महत्वपुर्ण टेलिफोन नम्बरहरू

| | |
|---|---|
| पालुङ एम्बुलेन्स (चालक) | ९८१४२०७४०१ |
| आग्रा एम्बुलेन्स (चालक) | ९८६०२२३७५५ |
| जनकल्याण उच्च मा.वि. | ०५७-६२०३६४ |
| थाहा नगरपालिका कार्यालय | ०५७-४०००५६ |
| मत्स्यनारायण मा.वि. | ०५७-६२०५१२ |
| ईप्रका पालुङ (प्रमुख) | ९८५५०६९४९९ |
| प्रहरी चौकी फाखेल | ०५७-६९२५१८ |
| जिल्ला प्रशासन मकवानपुर | ०५७-५२०३८८ |
| विद्युत प्राधिकरण पालुङ | ०५७-४०००२९ |


# तीजको लहर कि कहर ?



◆ प्रेमकुमार गैरे

पंक्तिकारले यो आलेख काठमाडौँ शहरको कुनै कुनामा अवस्थित कोठाभित्र बसेर टाइपिङ गर्दाको बखत अलि टाढाको नेपथ्यमा सुनिँदै गरेको गीत हो 'तीजको लहर आयो बरिलै'। यही गीतमा तीजको लहर आयो भन्दै नेपालका हिन्दू धर्मावलम्बी महिलाहरू नाचेको ३२ वर्ष भएछ । कुनै पुस्ता ब्याट्री सकिने डरले रिललाई रूमाल, कलम वा झिँजोले रिवाइन्ड गरी गरी टेप रेकर्डर घन्काएर रिल सऱ्यो र त्यसमा फनन नाच्यो, कुनै पुस्ता सिडी/डिभिडी प्लेयरमा डिस्क जसरी रनन घुमेर नाच्यो। कुनै पुस्ता मेमोरी कार्ड वा पेन ड्राइभमा गीत भरे जसरी पेट भरी नाच्यो र अहिलेको पुस्ता युट्युब र टिकटकमा छमछमी नाचिरहेछ, भलै गीत उही छ। ०४६ को परिवर्तनसँगै बजारमा आएको कन्यादान भन्ने चलचित्रको उक्त गीतले तीन दशकभन्दा लामो समय तीजको लहर वर्षैपिच्छे अविच्छिन्न रूपमा ल्याउँछ । अनुमान गर्न सकिन्न, अझै कति दशक ल्याइरहने हो ।

### तीजको लहर साँच्चै आएको हो ?

प्रत्येक वर्षको भदौ शुक्ल तृतीयाको दिनलाई नेपाल सरहदको पहाडी भूगोलका हिन्दू धर्मावलम्बी विशेष गरी जात व्यवस्थाअन्तर्गत उच्च जातका र हालको अवस्थामा यही पृष्ठभूमिका देश तथा विदेशमा छरिएर रहेका महिलाहरूले हरितालिका तीज पर्वका रूपमा धूमधाम मनाउने गरेको पाइन्छ। सामाजिक संरचनात्मक लाभांशको कोणबाट हेर्ने हो भने नेपालको सन्दर्भमा तीज पर्वमा विश्वास र आस्था राख्ने महिला नै सबैभन्दा अग्रपंक्तिका शक्तिशाली र अवसरहरूको पहिलो भागीदारका रूपमा हाम्रो समाजमा स्थापित छन्। तर यसको द्वन्द्वात्मकता पनि सँगै आइहाल्छ अर्थात् शासक वर्गकै भए तापनि पितृसत्तात्मक आर्थिक, राजनीतिक र सांस्कृतिक जगमा उठेको सामाजिक व्यवस्थाले जात व्यवस्थाअन्तर्गत रहेका कथित उच्च जातका महिलामा उत्पीडनको घनत्व बढ्ता थोपरेको देखिन्छ ।

मानव विकासको एउटा चरणमा, कबिला युगमा अर्को कबिलाबाट अपहरण गरेर ल्याई सामूहिक बलात्कार गर्दै आफ्नो निजी स्वास्नी बनाई बन्धक बनाइएको मानिन्छ। त्यस्तो विवाह संस्था अहिले महिला प्रजाति स्वयंलाई सामान्य, उचित र अपरिहार्यजस्तो लाग्छ। ठिक त्यसै गरी करिब पाँच हजार वर्षअघिबाट शुरू भएको संसारकै सबैभन्दा लम्बाइमा लामो र मात्रामा घनत्व बढी भएको महिला उत्पीडनले खडा गरेको तीजजस्ता अपमान र असमान चाडपर्व पनि वैज्ञानिक, सामान्य र सान्दर्भिक लाग्नु र यो आलेख पढ्दा चिटचिट पसिना आउनु स्वाभाविक हो।

बिसौँ शताब्दीका अमेरिकी लेखक एवं रेडियोकर्मी अर्ल नाइटिंगेलका अनुसार हामीले हाम्रो अवचेतन मन (मस्तिष्क)मा पुनरावृत्ति र भावनाद्वारा मलजल गरी जे बीजारोपण गर्छौं, त्यो एक दिन सत्यजस्तो बनिदिन्छ। उनको दृष्टिकोणभन्दा अझै माथिबाट हेर्दा त्यो बीजारोपण र पुनरावृत्ति भावनामार्फत निरन्तर फकाएर वा डन्डा चलाएर लाद्ने काम भने आफ्नो अनुकूलताको शासन प्रणालीमार्फत शासक वर्गले गरिरहेको हुन्छ ।

हिन्दू धर्ममा आधारित सतीप्रथाको दृष्टान्तलाई नजिकबाट हेरौँ । सन् १८२९ डिसेम्बर ४ मा अंग्रेज शासकले इन्डिया साम्राज्यमा सतीप्रथा नरहने घोषणा गरिदिए, किनकि दहनमार्फत मारिएकी महिला र मरेको पुरूषको मिलन पछि कहीँकतै होला भन्ने कुरामा उनीहरूलाई रत्तीभर विश्वास थिएन, र त्यतिखेरका अंग्रेजले अभ्यास गरिरहेको धर्ममा त्यस्तो व्यवस्था थिएन। तर नेपालमा भारतको वैशालीका लिच्छवि हिन्दू राजाहरूको आगमनसँगै भित्रिएको सो प्रथा भारतमा भन्दा लगभग ९१ वर्षपछि मात्रै सन् १९२० जुलाई ८ मा उन्मुलन भएको देखिन्छ ।

९१ वर्षसम्म हिन्दू उच्च जात कहलिएका भारतीय महिलाले आत्मदाह नगर्दा पनि धर्म उल्लंघन गरेको ठहरिएन, तर सोही धर्म र जातका नेपाली महिलाहरूलाई भने भटाभट डढाएर मारियो । संवत् १९७७ असार २५ गते सतीप्रथा उन्मुलन हुनुभन्दा एक दिनअघिसम्म कथित उच्च जातका महिला स्वतःस्फूर्त रूपमा समेत सती गएकै थिए भने उक्त दिनबाट निषेध गर्नासाथ जान पनि छोडे। तर केही महिला भने असार २५ पछाडि पनि सती गएको इतिहास छ। आत्मघाती कुरा पनि लामो र निरन्तर रूपमा गलत ढंगले प्रशिक्षित गरियो भने प्रशिक्षार्थीलाई सही र जायज लाग्छ भन्ने कुरा त्यसबाट प्रमाणित हुन्छ।

शासक वर्गले धर्मान्धता, जडता, अन्धविश्वास र पछौटेपनलाई पालन पोषण गर्छन् र जिउँदै राख्छन् । सहज सत्ता सञ्चालनका लागि यी तत्त्व आवश्यक ठानिन्छ। शासनसत्ताले आफ्ना धार्मिक, सांस्कृतिक र बौद्धिकलगायतका सबै संयन्त्र तथा गृह प्रशासन, मिडिया, बजार आदिको परिचालनमार्फत तीजको लहर पनि जबरजस्त ल्याएको हुन्छ, जसलाई सचेतन प्रयत्नकारीहरूले आलोचनात्मक दृष्टिकोणबाट हेर्नुपर्ने हुन्छ ।

### चाडपर्वका दुई पक्षहरू

संसारभरका धर्ममा उद्धृत भएका र मानिसहरूले मनाउँदै आएका चाडपर्वहरूलाई विशेषतः दुई पक्षबाट हेर्न सकिन्छ। तीजलाई केन्द्र बनाएर हेर्दा पनि यसको दुई पाटालाई बुझ्नुपर्ने देखिन्छ ।

### १) धार्मिक पक्ष

पूर्वीय दर्शनमा विभाजित युगहरूमध्ये पहिलो सत्ययुगमा भगवान् शिवलाई पतिका रूपमा पाउन हिमालयपुत्री पार्वतीको कठोर तपस्याको कथाबाट हरितालिका तीजको मिथक शुरू भएको देखिन्छ । ती मिथकीय पात्रहरूले गरेजस्तै क्रियाकलाप अझै पनि हिन्दू धर्मावलम्बी महिलाले धार्मिक आस्थाका आधारमा गर्दै आएको जगजाहेर छ । अहिलेको जस्तो सामाजिक जटिलता र विज्ञानमा भएको चमत्कारिक विकासको युगमा एक दिनभरि निर्जल र निराहार व्रत बसेर शिवलिंगको पूजा गरेर, शिवजस्तो बेफिक्र जीवनसाथी पाउन अविवाहित र पाइसकेका विवाहित महिलाको तत्परता देखिँदैन ।

अर्को कुरा, पार्वतीको जस्तो फुर्सद अहिलेका महिलालाई पटक्कै छैन। तेस्रो कुरा, यो पितृसत्ताद्वारा निर्देशित प्रथा हो, किनकि कुनै पुरूष महिला पाउनका निम्ति व्रत बस्नु पर्ने नियम कतै भेटिँदैन । ऋषि पञ्चमीको दिनमा ३६५ वटा दतिवनका आँख्लाले दाँत माझ्दा अपवादबाहेक महिला प्रजातिभित्र प्राकृतिक हिसाबले आफ्नो जीवनकालमा हुने महिनावारीलाई पाप सम्झी पखाल्नुपर्नेजस्ता महिलाद्वेषी संस्कार यो पर्वले सहवरण गर्छ । आफ्नो प्रजाति रक्षा र पुस्ता निरन्तरताका निम्ति गर्भाधान प्रक्रिया अघि बढाउन पाठेघरमा हुने नियमित जैविक चक्रलाई पाप वा अनिष्ट देख्ने पितृसत्तात्मक विचारधारा बोकेका यस्ता अवैज्ञानिक र घोर असमान मान्यतालाई बेदखल गर्ने व्यापक बहसको सृष्टि गरिनु पर्दछ ।

### २) सांस्कृतिक पक्ष

हरितालिका तीजलाई 'महिला विशेष पर्व'को खोल लगाइएको भए तापनि यो विशुद्ध रूपमा पितृसत्ताको हुंकार मच्चाउने चाडको रूपमा चित्रण गर्नु वस्तुगत देखिन्छ। मैमत्त पितृसत्तालाई खुशी पार्ने र टिकाइराख्ने यसको संस्कृति हो भने महिलामाथिको दमन यसको राजनीति।

### क) तीज गीतको सन्दर्भ

सामन्तवादी समाजमा सापेक्षिक रूपमा महिलालाई भएको दमन, अत्याचार र थिचोमिचो व्यक्त गर्ने कुनै सार्वजनिक स्थल थिएन। त्यसैले मनमा दबाएर र लुकाएर राखेको पीडा र मर्मलाई गीतमार्फत तीजको बेला महिलाले पोख्ने गर्थे । अहिले भने विकसित राजनीतिक चेतना र विज्ञान-प्रविधियुक्त विश्व भएको कारण अब शोषण-दमनलाई केबल तीजमा मात्रै होइन, पल-प्रतिपल लेख रचना, सामाजिक सञ्जाल र कार्यक्रम वा आफू संगठित संस्थामार्फत मुखरित गर्ने सुविधा छ। तलका जस्ता तीज गीतका भाष्यहरूलाई इतिहासमा यस्तो पनि हुँदो रहेछ भनेर सुन्दा हुन्छ, तर यसमा डुबेर गुनासो गर्नु हास्यास्पद हुने स्थिति आएको छ:

*'बिर्सेर आजलाई कर्करे सासू*
*आमाजू-नन्दले दिएका आँसु'*
*'हाम फालेर मरौंकी, त्रिशूलीको पानीमा*
*घरमा बसूँ सौता छ,माइत सानीमा'*

जुन पितृसत्ताविरूद्ध जुरमुराएर ठिंग उभिँदै शोषित-उत्पीडित महिलाहरू संगठित हुँदै लड्नुपर्ने हो, उनै सहयोद्धा उत्पीडितको उछित्तो काढ्दै नुन खाएको कुखुराजस्तो झोक्राएर बस्नु बिलकुल सही र सान्दर्भिक हुँदैन। कोसँग किन लड्ने भनेर दुस्मन र कारण पहिचान गर्नु पनि अबका महिलाहरूको दायित्व हुन आउँछ। बुहारीको मुक्तिको बाधक तत्त्व सासू, आमाजू वा नन्द हुन सक्दैनन्, न त पुरूष नै हुन्। बाधक हो त केबल पितृसत्तात्मक विचारधाराद्वारा निर्देशित अर्थतन्त्र, राजनीति र संस्कृति। यही एकात्मक अर्थतन्त्र, राजनीति र संस्कृतिविरूद्ध लड्ने प्रतिरोधी भावना र विचार पैदा र निर्माण गर्ने गीतसंगीतलाई

*बाँकी पृष्ठ ३ मा*

## *तीजको लहर ... . .*

अबका युवाले तीजका गीत बनाएर गाउनु र नाच्नुपर्छ ।

ख) दर खाने संस्कृति

पुरूषवादी चिन्तन बोक्ने महिला र पुरूषहरूको 'दर-पार्टी'मा रक्सी पिएको देख्दा पितृ सत्ताको आक्रोशको फँडा उठेको छ्यापछ्याप्ती देख्न सकिन्छ । तर के खाने भन्ने विषय व्यक्तिको रोजाइमा भर पर्ने विषय हो, तर महिनौँसम्म दर मात्रै खाने गलत परम्पराको अभ्यास विगत केही दशकबाट गरिएको छ। यो पनि समाजका निम्ति निकै घातक र प्रत्युत्पादक क्रियाकलाप हो। अतः धार्मिक क्रियाकलापबाट अलग्याएर सांस्कृतिक पक्षका केही सबल र सान्दर्भिक विषय जस्तैः साथीसंगी, परिवार र आफन्त जमघट भएर सौहार्दपूर्ण वातावरणमा खानपिन गर्नु र स्वस्थ गीतसङ्गीतमा नाच्ने र रमाउने संस्कृतिलाई अनुकरण गर्दै अगाडी बढाउनु पर्ने देखिन्छ ।

### तीजको वर्तमान अर्थ राजनीतिक अवस्था

पछिल्लो समयमा नेपालीका सबै चाडपर्वहरू महँगो र भड्किलो हुँदै गएको पाइन्छ । चाडपर्वहरू सर्वहारा वर्गका मानिसलाई खिसीटिउरी र अपमान गर्ने र ऋणमा डुबाउने आहाल बनेका देखिन्छन् । गहना, कपडा र अन्य सज्जाका सामग्रीहरूको प्रदर्शन गर्ने प्रतियोगिता र होडबाजीजस्तो हुन पुगेको तीज पर्वले वर्गीय पक्षधरता बोकेको स्पष्ट देखिन्छ । समाजशास्त्री एभलिन रीडको 'महिला मुक्ति आन्दोलनका सम्बन्धमा' पुस्तकमा 'काँचो मासुका नाफाखोरहरू' उपशीर्षकमा नाफाखोरहरूलाई मुख्य तीन समूहमा विभाजित गरिएको छ ।

१) नारी शरीरलाई वर्तमान समयको स्तरीय फेसन तथा ढाँचामा ढाली नाफा कुम्ल्याउने;
२) नारी शरीरमाथि प्रसाधनका सामान, रंगरोगन तथा अत्तर आदि पोतेर नाफा कुम्ल्याउने; र
३) एक र दुई नम्बर बुँदामा उद्धृत शरीरमा रंगीबिरंगी उच्च दर्जाका फेसनका लुगा र गरगहना सजाएर नाफा कुम्ल्याउने ।

तीजका बेला नारीहरूले लगाउने सामग्रीको सन्दर्भमा पनि नाफा कुम्ल्याउन लत बसेका पुँजीवादी व्यापारीहरूले यसरी नै लुटको धन्दा मच्चाइरहेका छन् । राजनीतिक दलका मानिसहरू भने नाफाखोरहरूकै पैसाले पार्टी सञ्चालन र व्यवस्थापन गर्दै बसेका छन् । चुनाव खर्च बटुल्नुपर्ने हुँदा सत्ता टिकाउनकै निम्ति शर्मनाक स्थितिमा सास गन्हाउने गरी चुप बसिरहेछन् ।

विषय बैठान

पितृसत्ताको अजङ्को पहाडलाई महिला मुक्तिको नवीन जागरण र चेतनाको संगठित बलले भत्काउँदै समतुल्य समाज निर्माण गर्ने अभिभारा उत्पीडित महिला र सबै प्रगतिशील तथा क्रान्तिकारी पुरूषहरूको हो। धूम्रपान गर्नु स्वास्थ्यको प्रतिकूल छ भनेर जान्दाजान्दै चुट्की मार्दै बेहद खुशी मुद्रामा धूम्रपानकर्ताले फ्वाङ्ङ धुवाँ उडाएर छद्म मज्जा लिएझैं भाग्यवाद, कर्मफलवाद र अभिभूतवादमा बलियो हात्तीपाइले टेक्दै महिलालाई दोयम कोटीको घोषणा गर्दै तीज उभिएको छ । तीजका यस्ता गलत भाष्यहरूलाई नपछार्ने हो भने तलको आत्मघाती हरफको पुनरावृत्तिलाई सुदूर भविष्यसम्म महिलाहरूले फलाकिरहनुको विकल्प छैन : *तीजको लहर आयो बरिलै, तीजको कहर आयो बरिलै ।*

# बालबालिकासँग प्रयाङ्क गर्नु खतरनाक हुन सक्छ ?

पछिल्लो समय दुईवटा भिडियो सामाजिक सञ्जालमा निकै भाइरल भइरहेको छ । ती दुवै भिडियोमा बालबालिकालाई प्रयाङ्क गरिएको छ । जसको सामाजिक सञ्जालमा व्यापक विरोध भइरहको छ । भारतको आन्द्र प्रदेशमामा केही व्यक्तिले गाडीमा अपरिचित बालबालिकालाई लिफ्ट दिएपछि अपहरण भएको बताउँछन् । जसकारण बालबालिका त्रसित हुँदै चिच्याउने र रूने गर्छन् । बालबालिकालाई अपरिचित मानिसको गाडीमा कर गरे पनि चढ्न हुँदैन भनेर जागरूकता गराइएको भिडियो बनाउनेको प्रतिक्रिया थियो ।

लाइक र कमेन्टको लागि बालबालिकालाई उत्पीडन गरेको भन्दै उक्त भिडियो बनाएर पोस्ट गर्नेको चर्को आलोचना भइरहेको छ । त्यस्तै, अर्को प्रयाङ्क भिडियो पनि भाइरल भएको छ, जसमा अभिभावकले आफ्ना साना बच्चाको टाउकोमा अण्डा फुटाइरहेका छन् । विश्वभर ह्यासट्याग भएको हजारौं भिडियोहरू टिकटक र इन्स्टाग्राममा भेटिन्छ, जसलाई लाखौं मानिसले हेरेका छन् ।

यी भिडियोमा देखिएका अधिकांश बालबालिका पाँच-छ वर्षका बालबालिका थिए । टाउकोमा अण्डा फुटाउँदा केही बालबालिका स्तब्ध हुन्छन् । कोही चित्त दुखेको कुरा गर्छन्, कोही रून थाल्छन् र कसैले आमाबुवालाई धकेल्छन्, भिडियोमा यस्तै देखिन्छ । अधिकांश बच्चाहरूलाई त्यो ठट्टा हास्यास्पद लागेनन् । यद्यपि उनीहरूका आमाबाबुले भने भिडियो बनाउँदै पेट मिचिमिची हाँसेको देखिन्छ ।

बालबालिकाले यस्ता ठट्टा नबुझ्केकाले यो स्वभाविक भएको मनोविज्ञहरू बताउँछन् ।

### के हो प्रयाङ्क ?

मनोविद् राजेश पाण्डे भन्छन्, 'प्रयाङ्क' भनेको ठट्टा हो जसमा कसै सिकार बनाइन्छ । चुट्किला सुनाए जस्तै यसमा कथा सुनाउने र श्रोता दुवैलाई र माइलो लाग्छ । समस्या के छ भने अन्जान ठट्टाको लागि प्रयोग हुने व्यक्तिलाई चोट लाग्न सक्छ, ऊ डराउन सक्छ वा उसलाई नराम्रो लाग्न सक्छ ।'

### बालबालिकाको कोमल दिमागमा प्रभाव

प्रयाङ्कमा पीडित हुनेलाई के भइरहेको हो थाहा हुँदैन । मान्छे चकित हुँदा आउने हाँसो केटाकेटीलाई बुझ्न सजिलो छैन । साना बालबालिका विकासको सुरूवाती चरणमा हुन्छन् । उनीहरूको लागि हाँसो-ठट्टा तुरून्त बुझ्न मुस्किल हुन्छ । तर बच्चाले पाँचदेखि छ वर्षको उमेरमा व्यंग्य बुझ्न थाल्छन् । कतिपय बालबालिकाले चार वर्षको उमेरदेखि चुटकिला बुझ्न थाल्छन् । यो सिक्ने प्रक्रिया किशोरावस्थासम्म जारी रहन्छ ।

कमेडीको नियम छ- 'पञ्च अप नट किक डाउन'। अर्थात्, व्यंग्य गर्न प्रभावशाली व्यक्तिहरूलाई निशानामा राखिन्छ, कमजोर मानिस होइन । जबकि कमजोर मन र बुद्धि हुने अवोध बच्चाहरू सधैं निशानामा हुन्छन् ।

बेलायतको बाल मनोचिकित्सक संघकी प्रवक्ता राहेल मेलभिल थोमस भन्छिन्, 'प्रयाङ्क तब सफल मान्न सकिन्छ, जब कसैले आफूमाथि मजाक गरेको हो, आफूलाई कुनै हानि नभएको बुझ्छ र ऊ पनि अरूसँगै हाँस्न थाल्छ ।

### प्रयाङ्कले बालबालिकाको विश्वास तोड्न सक्छ

बच्चाले पहिले कुन चीजहरू असामान्य छन् भनेर बुझ्न थाल्छ । उदाहरण दिंदै थोमस भन्छिन्, 'अण्डा फुटाउने जस्ता ठट्टामा पहिले बच्चा आशा दिइन्छ र त्यसपछि झटका दिइन्छ ।'

यस्तोमा खाना पकाउन मद्दत गरौं भनेर अचानक टाउकोमा अण्डा फुटाएर उनीहरूको विश्वास तोडिने उनी बताउँछिन् । 'धेरै भिडियोमा कचौरामा फुटाउने अण्डा टाउकोमा फुटाइयो बच्चाहरूले बुझ्न सक्दैनन् । जसले उनीहरूको विश्वास टुट्छ,' उनी भन्छिन् ।

यसमा सहमति जनाउँदै थोमस बालबालिकाले जहिले पनि बाबुआमालाई आदर्श र विश्वासिलो मान्ने तर यस्तो हर्कतले उनीहरूलाई दोधारमा पार्ने बताउँछिन् ।

### किन आमाबुबाले बुझ्न सक्दैनन् ?

भिडियो बनाउँदा बालबालिकाको अनुमति बिना रेकर्ड गरी अनलाइन पोस्ट गरिंदैछ । यस्तोमा बालबालिकालाई शारीरिक हानि पुऱ्याउने प्यांकलाई कसरी मनोरञ्जनात्मक मान्न सकिन्छ ? यो प्रश्न पनि उठ्छ । विशेषगरी जब त्यस्ता भिडियोमा धेरै बालबालिकाको प्रतिक्रिया हेर्दै उनीहरूलाई चोट पुगेको देखाउँछ ।

'यस्ता प्रयाङ्क भिडियोमा बालबालिकाको प्रतिक्रिया नकारात्मक देखिन्छ । तर आमाबाबु मुर्छा पर्दै हाँसेको देखिन्छ, जुन आश्चर्यलाग्दो हुन्छ, 'डा. थोमस भन्छिन् । थोमसका अनुसार आमाले आफ्नो बच्चालाई चोट लाग्दा पीडादायी प्रतिक्रिया दिंदा बच्चाले पनि भावना देखाउन आवश्यक छ भनेर सिक्न मद्दत गर्छ । तर ठट्टामा हुने व्यवहार ठ्याक्कै उल्टो हुन्छ । यसले नजानिंदो ढंगले बच्चालाई कोही दुःख पर्दा खुसी हुनुपर्छ भनेर सिकाउन सक्छ जुन गलत हो । *-बीबीसी हिन्दीबाट*

## असोज ५ सम्म क्यान्सर विरूद्धको खोप


किशोरीलाई लगाइने पाठेघरको मुखको क्यान्सरविरूद्धको खोप 'एचपीभी' अभियानको समयावधि थप गरिएको छ ।

खोप अभियान यही असोज ५ गतेसम्म सञ्चालन हुने स्वास्थ्य सेवा विभागको बाल स्वास्थ्य तथा खोप शाखाका प्रमुख डा अभियान गौतमले जानकारी दिए । उनले भने, 'लक्षित किशोरीलाई खोप लगाउनका बाँकी रहेकाले समय थप गरिएको हो ।'

गत भदौ २९ गते बाल दिवस, भदौ ३० गते शनिवार र आइतबार असोज १ गते हरितालिका तीज लगातार बिदा पर्काले विद्यालय बन्दले गर्दा किशोरी खोप लगाउन न्यून सत्यामा आएको उनको भनाइ छ । उनका अनुसार लक्षित किशोरीमध्ये ४० प्रतिशतले खोप लगाएको बताए ।

सरकारले पाठेघरको मुखमा हुने क्यान्सरविरूद्धको खोप 'एचपीभी' नौ हजार नौ सय ९९ किशोरीलाई लगाउने लक्ष्य राखिएको छ । गत भदौ २७ गते सात प्रदेशका सातवटै अस्पतालबाट १४ वर्ष उमेर पूरा भई १५ वर्ष नकटेका किशोरीलाई पाठेघरको मुखमा हुने क्यान्सरबाट बचाउनका लागि एचपीभी खोप 'डेमोस्ट्रेसन'का रूपमा सञ्चालन गरिएको छ । मन्त्रालयले सबै किशोरीका अभिभावकलाई खोप लगाउनका लागि खोप केन्द्रमा लैजान आग्रह गरेको छ । खोप २०६५ भदौ ३० देखि २०६६ भदौ २० सम्म जन्मेका किशोरीलाई दिइने छ ।

शाखाका प्रमुख डा गौतमले महिलाका पाठेघरको मुखमा हुने क्यान्सरबाट बचाउनका लागि खोप दिइएको बताए । सरकारले गत भदौ २७ गतेबाट कोशी प्रदेशको कोशी अस्पताल, मधेस प्रदेशको वीरगन्जस्थित नारायणी अस्पताल, बागमती प्रदेशको परोपकार प्रसूति तथा स्त्रीरोग अस्पताल, गण्डकी प्रदेशको गण्डकी स्वास्थ्य विज्ञान प्रतिष्ठान, लुम्बिनी प्रदेशको भेरी अस्पताल बाँके, कर्णाली प्रदेशको प्रादेशिक अस्पताल सुर्खेत र सुदूरपश्चिम प्रदेशको डडेल्धुरा अस्पतालमा एचपीभी खोप उपलब्ध रहेको छ ।






# सेन्ड्रिना र आरोन विजयी, सबै साँस्कृतिक समहूलाई नगद पुरस्कार

◆ विकास संवाददाता

मकवानपुर थाहा नगरपालिकाको शिखरकोटमा श्री कृष्ण जन्माष्टमीको अवसरमा लिटिल राधाकृष्ण प्रतियोगिता भएको छ। प्रतियोगितामा राधातर्फ सेन्ड्रिना केसी र कृष्णतर्फ आरोन केसी विजयी भएका छन् ।

त्यसैगरी राधातर्फ ऋषिका रायमाभ्की द्वितीय र अनुस्का गोपाली तृतीय भएका थिए। कृष्णतर्फ सिद्धान्तराज विष्ट द्वितीय र समभव लामा तृतीय भए । राधाकृष्ण प्रतियोगिताका विजयीहरूले क्रमशः पाँच हजार, तीन हजार र दुई हजार रूपियाँ नगद पुरस्कार पाएका थिए । उक्त पुरस्कारहरू मध्ये राधातर्फ प्रथम पुरस्कार अञ्जल प्रधान, द्वितीय पुरस्कार रोहन कुमार सिंह र तृतीय पुरस्कार ईश्वर कार्की ओम नमः ट्रेडर्सले प्रायोजन गरेका थिए भने कृष्णतर्फको प्रथम पुरस्कार नवीन रायमाभ्की, द्वितीय पुरस्कार राघवेन्द्र मिश्र र तृतीय पुरस्कार हृदयकृष्ण रायमाभ्कीले प्रायोजन गरेका थिए । प्रतियोगिताको निर्णायकहरूमा सुमित्रा केसी र ब्रम्हकुमारी सर्मिला प्रधान रहेको कार्यक्रम व्यवस्थापन समितिका निरज रायमाभ्कीले जानकारी दिए ।

प्रतियोगितामा राधातर्फ १२ र कृष्णतर्फ २० जना बालबालिकाको प्रतिस्पर्धा रहेको थियो । प्रतियोगिताका



लिटिल राधाकृष्ण प्रतियोगिता

विजयी बालबालिकाहरूलाई पुरस्कार र सहभागीहरूलाई लिटिल राधाकृष्ण गिफ्टह्यामर वितरण गरिएको थियो । गिफ्टह्यामर हिमालयन बोर्डिङ स्कूल, पालुङ मोडर्न इङ्लिस मिडियम स्कूल, पालुङ भ्याली हार्ट एकेडेमीले र श्री माइलस्टोन मन्टेश्वरीले विजेता अवार्ड प्रायोजन गरेको रायमाभ्कीले बताए ।

श्री कृष्णा जन्माष्टमी मेलाको अवसरमा आयोजित विभिन्न झाँकी तथा बाजा समूहहरूलाई पनि सहभागीतात्मक पुरस्कार वितरण गरिएको छ। कार्यक्रममा कुन्छाल महिला बाँसुरी समहूलाई नगद दश हजार रूपियाँ, तामाङ ढ्याङ्ग्रो नाच समूह थाहा–५ र थाहा–७ आग्रालाई पाँच/पाँच हजार, महिला पञ्चेबाजा समूहलाई दश हजार, नेवारी बाजा तथा लाखे नाच समूहलाई दश हजार, लिटिल लाखेलाई पाँच/पाँच हजार रूपियाँ तथा खैजडी भजन समूहलाई दश हजार रूपियाँ पुरस्कार उपलब्ध गराइएको समितिका निरज रायमाभ्कीले जानकारी दिए ।

शिखरकोट बजार ब्यबस्थापन समिती, शिखर क्लब, दामन चेली समाज, नवजागृत पुस्तकालय तथा गोपाली गाउँको नेवारी समुदायको साँस्कृतिक समूहको आयोजना कार्यक्रम भएको हो । कार्यक्रममा सहयोग तथा समन्वय गर्ने सबैलाई शिखरकोट बजार व्यवस्थापन समितिका अध्यक्ष मनोज रायमाभ्कीले धन्यवाद दिए ।

# बालिकाको मृत्युको जिम्मेवारी अस्पतालले लिनुपर्छ : एमाले सचेतक बर्तौला

◆ विकास संवाददाता

मकवानपुर जिल्ला थाहा नगरपालिकाकी ५ बर्षिया बालिकाको मृत्युको जिम्मेवारी कान्तिबाल अस्पतालले लिनुपर्ने नेकपा एमालेका सचेक महेश बर्तौलाले बताएका छन् । कान्ति बाल अस्पतालमा गत १८ गते भएको एक बालिकाको मृत्यु बारे संसदमा बोल्दै अस्पतालको चरम लापरबाहीका कारण मृत्यु भएको र त्यसको सम्पूर्ण जिम्मेवारी अस्पताल व्यवस्थापन, अस्पताल निर्देशक तथा स्वास्थ्य मन्त्रालयले लिनुपर्ने सांसद बर्तौलाले बताए ।

मकवानपुर जिल्ला संघीय निर्वाचन क्षेत्र नम्बर २ बाट निर्वाचित बर्तौलाले आफ्नो निर्वाचन क्षेत्र भित्रकी बालिका मृत्युको सवालमा संसदमा बोलेका हुन् । अस्पतालको लापरबाहीले गर्दा एउटा बाबुको सपना तुहिएको र परिवारमा दुःख परेको बताउँदै सचेतक बर्तौलाले भने 'जीतबहादुर गोपाली यतिबेला पोर्चुगलमा हुनुहुन्छ, आफ्नो छोरीको सुन्दर भविष्यको सपना बोकेर उचित शिक्षा दिक्षा दिउँला भनेर, छोरीको भविष्य उज्जवल बनाउन उहाँ एक वर्षदेखि पोर्चुगलमा हुनुहुन्छ, यहाँ स्वास्थ्य सेवा प्रदायकको यस्तो लापरबाही ?'

जीतबहादुको एउटा मात्रै सन्तान हुन् ५ बर्षे रेजीसा गोपाली । उनको सपना कान्ति बाल अस्पतालको चरम लापरबाही, गैरजिम्मेवारीपनका कारणले गर्दा चकनाचुर भएको बर्तौलाले बताए । बर्तौलाले अस्पातलले इमर्जेन्सीको उपचारका लागि दुई घण्टासम्म डाक्टर भेट्ने पालो नदिँदा तथा अस्पतालका पालेलाई बालिकाकी आमाले अनुनय विनय गर्दा पनि भित्र प्रवेशमा ढिलाई गर्दा मृत्यु भएको उल्लेख गर्दै मृतक बालिकाको पीडित परिवारले न्याय पाउनु पर्ने उनले बताए ।

अस्पताल व्यवस्थापन तथा अस्पताल निर्देशकलाई छानबिनको दायरामा ल्याउन माग गर्दै पीडित परिवारलाई आवश्यक क्षेती भरान माग गरे । उक्त बालिका मकवानपुरको थाहा नगरपालिका १० की हुन् र उनी आफ्ना आमासंग काठमाडौको बाफल बस्दै आएकी थिइन । उच्च ज्वरो आएपछि उपचारको लागि कान्ति बाल अस्पताल लगिएकोमा पालो कुर्दा कुर्दै इमर्जेन्सी वार्डमा उनको निधन भएको थियो ।

# थाहाको स्वास्थ्य कार्यक्रमको समिक्षा



◆ विकास संवाददाता

आर्थिक वर्ष २०७९/०८० मा सम्पादित स्वास्थ्य कार्यक्रमको थाहा नगरपालिका स्तरीय दुईदिने वार्षिक समिक्षा तथा योजना तर्जुमा कार्यक्रम भएको छ । पालुङ जेसिज सभाहलमा १८ र १९ भाद्रमा कार्यक्रम भएको हो ।

नगर प्रमुख विष्णु बहादुर विष्टको अध्यक्षतामा भएको समिक्षा कार्यक्रममा नगर भित्र रहेका १२ वटा स्वास्थ्य चौकी, शहरी स्वास्थ्य केन्द्र, आधारभूत स्वास्थ्य केन्द्र, आर्युवेद औषधालय तथा निजि पोलिकिल्निक सहित विद्यालय नर्सहरूको वार्षिक कार्यप्रगती तथा समिक्षा प्रस्तुत गरिएको कार्यक्रममा नगर भित्रका स्वास्थ्य केन्द्रहरूको अवस्था, बजेट र खर्चको अवस्था तथा वित्तिय प्रगति विवरणहरू समेत प्रस्तुत गरेका थिए । उनीहरूले सो क्रममा स्वास्थ्य केन्द्रलाई आ–आफ्नो वडाबाट पनि सहयोग गर्नुपर्नेमा जोड दिदै नागरिकको आधार भुत आवश्यकता माथी ध्यान दिन पालिका तथा वडा कार्यालयहरूको ध्यानाकर्षण गरेका थिए । सो अवसरमा सम्पन्न हुन नसकेको कार्यक्रमहरू, स्वास्थ्य संस्थालाई आवश्यक औषधि तथा उपकरणको अवस्थाको साथै सेवाग्राहीलाई दिने सेवाको अवस्था, स्वास्थ्य केन्द्रले दिने सेवा सुबिधा खोप, सुत्केरी, गर्भपतन, परिवार नियोजनका साथै जनस्वास्थ्यको अवस्था बारेमा १२ वटै स्वास्थ्य संस्थाका प्रमुखहरूले आआफ्नो कार्यप्रगती विवरण प्रस्तुत गरेका थिए ।

थाहा नगरपालिका स्वास्थ्य शाखाको आयोजनामा सम्पन्न समिक्षा कार्यक्रममा थाहानगर प्रमुख विष्णु बहादुर विष्ट, उपप्रमुख भरत गोपाली, प्रमुख प्रशासकीय अधिकृत कृष्ण गिरी तथा स्वास्थ्य कार्यालय मकवानपुरका प्रमुख कृष्ण बहादुर मिजार, स्वास्थ्य कार्यालय मकवानपुरका जनस्वास्थ्य अधिकृत लक्ष्मण घिमिरे, तथ्यांक अधिकृत भागिरथ प्रसाद रौनियारका साथै वडा अध्यक्षहरू र स्वास्थ्यकर्मी हरूको उपस्तिथि रहेको थियो । कार्यक्रममा थाहानगर स्वास्थ्य शाखा प्रमुख मेघराज बलामीले नगरको समग्र स्वास्थ्य सेवाको विषयमा जानकारी गराएका थिए ।

# राक्सिराङको खर्च ७३.९ प्रतिशत

◆ विकास संवाददाता

राक्सिराङ गाउँपालिकाले बितेको आर्थिक वर्ष २०७९/०८० मा ७३ दशमलव ९ प्रतिशत बजेट खर्च गर्न सफल भएको छ । पालिकामा भएको वार्षिक समीक्षा कार्यक्रममा प्रमुख प्रशासीय अधिकृत देवचन्द्र गर्तौलाले गत आ.व.मा ६८ करोड ३२ लाख ५६ हजार रूपैयाँको बजेट विनियोजन भएकोमा समग्र खर्चको अवस्था ७३ दशमलव ९ प्रतिशत रहेको बताए ।

गत वर्ष पुँजीगततर्फ ८१ दशमलव ९३ र चालुतर्फ ६८ दशमलव ८१ प्रतिशत खर्च भएको छ । बितेको वर्ष ६ करोड रूपैयाँ आन्तरिक राजस्व संकलन गर्ने लक्ष्य राखिएकोमा लक्ष्यभन्दा २१ प्रतशत बढी संकलन भएको बताउँदै प्रशासकीय अधिकृत गर्तौलाले चालू चालू आवमा आन्तरिक आम्दानी १० करोड रूपैयाँ पुऱ्याउने बताए ।

वार्षिक समीक्षामा विषयतगत शाखाका प्रमुख तथा प्रतिनिधिले आफ्ना शाखाबाट भए गरेका कामको प्रगति विवरण प्रस्तुत गरेका थिए। कार्यक्रममा योजना शाखाका चुननारायण श्रेष्ठ, शिक्षा शाखा पासाङ तामाङ, पञ्जीकरण शाखा नवराज रिजाल, सामाजिक विकास, प्रधानमन्त्री रोजगार कार्यक्रम र न्यायिक समितिका गतिविधि गोविन्द विश्वकर्माले प्रस्तुत गरेका थिए । लघुउद्दम विकास शाखाका मानसिं घलान, पशुपंक्षी विकास शाखा ईन्द्रबहादुर जिरेल, कृषि विकास शाखा संगम विश्वकर्मा, स्वास्थ्य शाखा जनस्वास्थ्य अधिकृत विजय कापरी, आयुर्वेद शाखाका राम वचन साह, बहुक्षेत्रीय पोषण कार्यक्रमतर्फ बिमला प्रजाले प्रस्तीकरण गरेका थिए ।

कार्यक्रममा बोल्दै गाउँपालिकाका अध्यक्ष राजकुमार मल्लले आफूहरू गाउँको व्यवस्थित र दिगो विकासको काममा क्रियाशील रहेको बताए ।वार्षिक कार्ययोजना र कार्यविधि निर्माण गरी व्यवस्थित ढंगले बजेट कार्यान्वयन गर्न लागिएको उनले सुनाए । कर्मचारी र जनप्रतिनिधिहरूले दबाब र प्रभावमा परेर काम गर्न नहुने भन्दै उनले राम्रो काम गर्ने कर्मचारीलाई पुरस्कृत गर्ने र राम्रो कार्य सम्पादन नगर्ने कर्मचारीको कार्यक्षेत्र हेरफेर गरिने बताए ।

गाउँको सेवा प्रवाह चुस्त दुरूस्त गर्दै प्रविधिको प्रयोगमा प्राथमिकता दिइने पनि उनको योजना छ। गाउँपालिकाका उपाध्यक्ष वनस्तम थिङले अप्ठ्यारा र चुनौतीहरू पार गर्दै गाउँको विकासमा सबै जुट्नुपर्ने बताए । कर्मचारीहरूले आफ्नो जिम्मेवारीअनुसारको काम गरी परिणाम निकाल्नुपर्ने बताउँदै समस्याहरू समाधान गर्न आफूहरू तयार रहेको बताए । कार्यक्रममा राक्सिराङ ४ का अध्यक्ष सञ्जय कोइराला,कार्यपालिका सदस्य सजिना मुक्तानलगायतले मन्तव्य व्यक्त गरेका थिए ।



# थाहाको १२ वटै वडाका उपभोक्ता समितिलाई अनुशिक्षण



◆ विकास संवाददाता

मकवानपुरको थाहा नगरपालिकाले आर्थिक वर्ष २०८०/०८१ मा उपभोक्ता समिति मार्फत सञ्चालन गर्ने योजनाका पदाअधिकारीहरूलाई अनुशिक्षण दिएको छ । पालिकाले १२ वटै वडामा गठन भएका उपभोक्ता समितिका अध्यक्ष, सचिव र कोषाध्यक्षलाई अनुशिक्षण दिएको हो । थाहा नगरपालिकाले तालिका नै बनाएर वडा वडामै पुगेर अनुशिक्षण कार्यक्रम सञ्चालन गरेको हो ।

तालिमा अनुसार १७ भदौमा वडा नम्बर १ र ६ का उपभोक्ता समितिका पदाअधिकारीहरूलाई अनुशिक्षण दिएको थियो भने १८ भाद्रमा ३ ४ र २ नम्बर वडाका उपभोक्ता समितिका पदाधिकारीहरूलाई, १९ भाद्रमा ५ नम्बर वडाका उपभोक्ता समितिका पदाअधिकारी, २० भाद्रमा ७ नम्बर वडाका २१ भाद्रमा ८ नम्बर वडाकालाई २२ भाद्रमा ११ र १२ र २४ भाद्रमा ९ र १० का उपभोक्ता समितिलाई अनुशिक्षण दिएको थाहा नगरपालिकाका लेखापाल सन्देश घिमिरेले जानकारी दिए ।

अनुशिक्षणमा उपभोक्ता समितिका पदाअधिकारीहरूलको उल्लेख्य सहभागिता रहेको थियो । सहभागहिरूलाई प्रमुख प्रशासकीय अधिकृत कृष्ण गिरी, लेखापाल सन्देश घिमिरे, इन्जिनियर सन्तोष बोहरा, आन्तरिक लेखा परीक्षक सन्दिप पौडेल तथा योजना शाखाका प्रकाश कुमार लामालगायतले सहजीकरण गरेका थिए । सहभागी उपभोक्ता समितिका पदाअधिकारीहरूलाई उपभोक्ता समिति गठन प्रक्रियादेखि योजना संचालन तथा फछ्र्यौटसम्मको चरणमा अपनाउनुपर्ने प्रक्रिया र गर्नुपर्ने कार्यको विषयमा सहजीकरण गरिएको थियो ।

थाहा नगरपालिकाले उपभोक्ता समिति मार्फत संचालन गर्ने योजना चालु आर्थिक वर्षको फागुन मसान्त भित्रै सम्पन्न गर्ने तालिका वडा तहसम्म सर्कुलर गरेको छ । योजना कार्यान्वयन तालिकामा साउन महिनाभित्रै उपभोक्ता समिति गठनका कार्यक्रम सक्ने, १५ भाद्र भित्र लागत अनुमान तयार गर्ने गरी सर्कुलर वडामा आएको वडाध्यक्षहरूले बताएका छन् । उपभोक्ता समितिसंग असोज मसान्तभित्रमा सम्झौता सक्ने थाहा नगर पालिकाको योजना रहेको छ । तालिका अनुसार सम्झौता सम्पन्न भएको ५ महिनाभित्रमा उपभोक्ता समितिहरूले योजना सम्पन्न गरिसक्नुपर्नेछ । पालिकाले उपभोक्ता समिति मार्फत संचालन हुने योजना सम्पन्नको डेटलाइन फागुन मसान्त मानेको छ ।

यसैबीच पालिकाले ठेक्का मार्फत संचालन गर्ने योजनाहरूको भाद्र मसान्तसम्म लागत अनुमान तयार गरि सक्ने समयसीमा तोकेको छ । असोज महिनाभर बोलपत्र आव्हानको कार्यतालिका रहेको छ भने २० मंसिर भित्र ठेक्का सम्झौता गर्ने पालिकाको कार्यतालिका रहेको छ ।

# पालुङ विद्युत प्राधिकरणको सेवा सुधारियो

◆ विकास संवाददाता

नेपाल विद्युत प्राधिकरण पालुङ वितरण केन्द्रले ११ के.भि. लाईनमा कालो अर्थात ईन्सुलेशन भएको तार अपग्रेडिङ गरेपछि विद्युत नियमित हुनुका साथै भोल्जेज पनि सुधार भएको छ । पालुङ वितरण केन्द्रको वितरित लाईनको एक मात्र स्रोत धोर्सिङ सवस्टेशनबाट वितरित लाईनको धोर्सिङदेखि कुलेखानी ड्याम साईडहुँदै मार्खुसम्म र ड्याम साईडदेखि ईन्द्रसररोवरको कोगटे खोलासम्मको प्रशारित ११ के.भि. लाईनमा कालो तार फेरिएको छ ।

पालुङ वितरण केन्द्र अन्तर्गत सबै लाईन नाङ्गो तारमा हुँदा अधिकांश लाईन आएको क्षेत्र वन क्षेत्र भएकाले रूख तथा हाँगाविगाले छुँदा समेत र सामान्य पानी तथा हावाहुरीमा लाईन जाने समस्या रहेको भए पनि लाईन सुधार भएपछि उक्त समस्या कम भएको पालुङ प्राधिकरणका प्रमुख बिरमान रास्कोटीले बताए । कालो तार अपग्रेडिङ गरेपछि विगतका वर्षहरू भन्दा लाईन ट्रिपिङको समस्यामा निकै कम भईसकेको र भोल्जेज पनि सुधार भएको साथै एक मात्र फिडर हुँदा भईरहेको समस्या मार्खुमा स्विचिङ स्टेश बनाई मार्खु पालुङ छुट्टै फिडर तानिएका कारण लाईन जाने समस्या न्युनिकरण भएको पनि प्रमुख रास्कोटीले बताए । उत्तरी मकवानपुरमा वर्षाको समयमा ३/४ दिनसम्म लाईन नआउने समस्या थियो तर यस वर्ष प्राथमिकताका साथ हामी सुधारमा लागेका कारण ११ के.भि लाईनमा कालो तार हाल्न, कण्डक्टर अपग्रेडिङ गर्न र मार्खुबाट पालुङसम्म छुट्टै फिडर तानिएका कारण मार्खु चित्लाङ बज्रबारही सम्म एक फिडर र दामन पालुङ आग्रा गोगने अर्को फिडर तानिएको कारण पनि लाईन गईरहने समस्या कम भएको बताउदै अब बैकल्पिक फिडर बनिसकेकाले एउटामा समस्या आए पनि तत्काल अर्कोबाट विद्युत सप्लाई गर्न सकिने पनि प्रमुख रास्कोटीले बताए । पालुङ प्राधिकरणले धोर्सिङदेखि कुलेखानी ड्याम साईट हुँदै मार्खुसम्म र ईन्द्रसरोवरको कुलेखानी ड्याम साईड देखि कोगटे खोलासम्म तथा कुन्छालदेखि टिस्टुङसम्म र फेदीगाउँदेखि चिसापानीसम्म ११ के.भी लाईनमा नाङ्गो तार हटायर कालो तार हालेको छ ।

# शिक्षकलाई योग ध्यान प्रशिक्षण



◆ विकास संवाददाता

थाहा नगरपालिकाको दामन, पालुङ र आग्राका विद्यालयका शिक्षकहरूलाई दिइएको पहिलो चरणको एकहप्ते योग शिक्षक तालिम सकिएको छ । तालिम १८ देखि २४ भाद्रसम्म पालुङ जेसिज सभाहलमा भएको थियो । थाहा नगरपालिकाका शिक्षकका लागि योग, ध्यान र साधना तालिम सिकेपछि उनीहरूले अब आफ्ना विद्यालयहरूमा बालबालिकाहरूलाई गराउनुपर्नेछ ।

थाहा नगरपालिकाका विद्यालयमा योग, ध्यानलाई नियमित गर्ने उद्देश्यले पहिलो चरणमा थाहाका १, २, ३, ४, ७ र ८ का सार्वजनिक तथा निजी विद्यालयका शिक्षकको सहभागितामा र हेको तालिमका संचालक तथा सुनौला सिकाइ केन्द्रका संयोजक रूपचन्द्र गोपालीले जानकारी दिए । तालिममा ३१ जना शिक्षकको सहभागिता रहेको थियो । थाहा नगरपालिकाले आर्थिक वर्ष २०८०/८१ को नीति तथा कार्यक्रममा विद्यालयमा नियमित रूपमा विद्यार्थीहरूलाई योग, ध्यान कक्षा सञ्चालन गर्ने नीति लिएको थियो ।

विद्यार्थीलाई योग, ध्यान र साधनामार्फत अनुशासित र कर्तव्यनिष्ठ बनाई मानवमूल्यको जगेर्ना गर्ने थाहा नगरपालिकाका प्रमुख विष्णुबहादुर विष्टले बताए । तालिमका सहाभागीलाई योगगुरू राजन बिडारीले प्रशिक्षण दिएका थिए । तालिममा योगासन, ध्यान मुद्रा, प्राणायाम आहार विहार चर्या र प्रयोगात्मक ज्ञान सहितको विषेश शिक्षक प्रशिक्षण दिएको थियो। थाहानगर शिक्षा शाखाका अधिकृत माधव बिक्रम मल्लको प्रमुख आतिथ्यतामा सम्पन्न समापन कार्यक्रममा अधिकृत मल्लले अहिले सामुदायिक विद्यालयमा योग र ध्यानको पठनपाठन र अभ्यासका लागि एक/एक जना शिक्षकलाई तालिम दिएर प्रशिक्षित गराएको सुनाए । उनले भने– "अब प्रशिक्षित शिक्षकले आ(आफ्नो विद्यालयमा विद्यार्थीलाई योग र ध्यानबारे सैद्धान्तिक र व्यावहारिक अभ्यास गराउनु हुनेछ ।'

कार्यक्रममा योग गुरू राजन बिडारीले योग र ध्यानले मानिस अनुशासित हुनेसँगै स्वस्थ रहने र मानसिक विकार हटेर आनन्दको अनुभूति गर्नसक्ने बताए । विद्यालयमा अनिवार्य शुरू गरिने ध्यान र योगका सैद्धान्तिक छलफल र अभ्यासले समाजमा यसको अनुकरण गर्ने थपिँदै जाने बिडारीले बताए । तालिमको संयोजन सुनौला सिकाइ केन्द्रले गरेको थियो। सिकाइ केन्द्रले हरेक शनिबार नियमित योग, ध्यान शिविर आयोजना गर्दै आइरहेको छ ।

# भूमि अधिकार तथा श्रमिक संगठन नेपाल थाहानगर कमिटी गठन

◆ विकास संवाददाता

नेकपा एमालेको जनवर्गीय संगठन भूमि अधिकार तथा श्रमिक संगठन नेपाल थाहानगर कमिटी गठन गरिएको छ । १९ भदौमा पालुङमा भएको भेलाले जितबहादुर थोकरको अध्यक्षतामा १९ सदस्यीय नगर कमिटी गठन भएको हो ।

रामकृष्ण कपालीको अध्यक्षतामा भएको भेलामा प्रमुख अतिथि एमाले जिल्ला कमिटी सदस्य तथा थाहानगर सह–इञ्चार्ज सुरेन्द्रमान प्रधानले नगरभरिका भूमिहीन नागरिकको तथ्याङ्क संकलन गरी यथासिघ्र आवश्यक काम गर्नु संगठनको मूल ध्येय रहेको बताए ।

थाहानगरमा अव्यवस्थित बसोबासका नागरिकहरूको संख्या पर्याप्त रहेको भएपनि सरकारले उनीहरूको हितमा काम गर्न चासो नदेखाएको हुँदा संगठनले दबाब सिर्जना गर्न प्रधानले आग्रह गरे । कार्यक्रममा भूमि अधिकार तथा श्रमिक संगठन नेपालका केन्द्रीय सदस्य बलराम बल, जिल्ला अध्यक्ष यज्ञ बहादुर श्रेष्ठ, पार्टी नगर सचिव रामकृष्ण बस्नेतलगायतले वर्तमान अवस्थामा संगठनको आवश्यकताका बारेमा बोलेका थिए ।




# अप्फा जिल्ला भेला तयारी समितिमा विष्ट

◆ विकास संवाददाता

मकवानपुरमा अखिल नेपाल किसान महासंघ (अप्फा) को जिल्ला भेला तयारी समिति गठन भएको छ । केन्द्रीय अध्यक्ष भैरवराज रेग्मीको प्रमुख आतिथ्यमा २३ भाद्रमा थाहानगरमा सम्पन्न भेलाले समिति गठन गरेको हो ।

भेलामा अखिल नेपाल शिक्षक सङ्घका अध्यक्ष सानोभाइ कार्की, अखिल नेपाल ट्रेड युनियन महासङ्घ (अन्टुक) का केन्द्रीय कोषाध्यक्ष पुरूषोत्तम कार्की र राष्ट्रिय जनमोर्चाका केन्द्रीय सदस्य निरबहादुर सिन्तानले शुभकामना दिएका थिए । भेलाले दिनेश विष्टको संयोजकत्वमा सात सदस्यीय अप्फाको मकवानपुर जिल्ला समिति गठन गरेको छ ।



समितिको सदस्यहरूमा उत्तरबहादुर गोपाली, आत्माराम कार्की, नवीना गोले, निरबहादुर सिन्तान, शोभा गोपाली र विक्रम विष्ट रहेका छन् । दिनेश विष्टको अध्यक्षतामा सम्पन्न उक्त भेलाले आगामी असोज २७ गते प्रत्येक पालिकाबाट प्रतिनिधित्व हुने गरी पालुङमा प्रशिक्षण भेला आयोजना गर्ने निर्णय गरेको छ ।




समयमै व्यक्तिगत घटना दर्ता गरौं ।
थाहा नगरपालिका
इन्द्रायणी चौर, मकवानपुर
पञ्जीकरण शाखा
जन्म दर्ता बालबालिकाको नैसर्गिक अधिकार हो । जन्मेको ३५ दिन भित्रै आफ्नो स्थानीय तहमा गई दर्ता गरौं । जन्म र मृत्यु दर्ताको सूचना परिवारको मुख्य व्यक्तिले र निजको अनुपस्थितिमा परिवारको उमेर पुगेको व्यक्तिले सूचना दिन सक्छन् । जन्म, मृत्यु, बसाई सराई, विवाह एवं सम्बन्ध विच्छेदका घटना दर्ता गर्नु नागरिकको कर्तव्य हो । बसाई सराई गर्दा व्यक्ति आफू मात्र बसाई सरी गए व्यक्तिले र परिवार नै बसाई सरी गए परिवारको मुख्य व्यक्तिले दर्ता गर्नु पर्छ ।

# मकवानपुरकी लामालाई उत्कृष्ट निजामती सेवा पुरस्कार

◆ विकास संवाददाता

आन्तरिक राजस्व कार्यालय हेटौंडाकी नायवसुब्बा शुभलक्ष्मी लामाले उत्कृष्ट निजामती सेवा पुरस्कार पाएकी छिन् ।

सरकारले २० औं निजामती सेवा दिवसमा लामालाई उत्कृष्ट निजामती सेवा पुरस्कारबाट पुरस्कृत गरेको हो । लामाले १ लाख नगद सहित पुरस्कार पाउने भएकी छन् । सरकारले सर्वोत्कृष्ट निजामती सेवा पुरस्कार एकजना, उत्कृष्ट निजामती सेवा पुरस्कार १० र निजामती सेवा पुरस्कार ३० जनालाई प्रदान गरिदै आएको थियो । यसवर्ष १० जनालाई



उत्कृष्ट निजामती सेवा पुरस्कार र ३० जन कर्मचारीलाई निजामती सेवाका लागि छनोट गरेको थियो । यसैअन्तर्गत लामा छनोटमा परेकी हुन् । सरकारले हरेक वर्ष भदौ २२ गते निजामती कर्मचारी दिवस मनाउँदै आएको छ ।

निजामती सेवा नियमावली २०५० अनुसार निजामती सेवा पुरस्कारको व्यवस्था गरिएको हो । जसमा दुई लाख रूपैयाँसहित एकजनालाई सर्वोत्कृष्ट, एक लाख रूपैयाँसहित १० जनालाई उत्कृष्ट र ५० हजार रूपैयाँसहित ३० जनालाई निजामती सेवा पुरस्कार दिइन्छ ।

नेपाल सरकारका मुख्यसचिवको संयोजकत्वमा रहने सिफारिस समितिले देशभरिबाट प्राप्त नाममध्ये पुरस्कृत हुने निजामती कर्मचारीको नाम सिफारिस गर्ने पद्धति छ ।

# उत्कृष्ट कर्मचारीलाई जनही ७५ हजार

◆ विकास संवाददाता

आर्थिक वर्ष २०७९/२०८० को कार्यसम्पादनका आधारमा हेटौँडा उपमहानगरपालिकाले ९ जना उत्कृष्ट कर्मचारी छनोट गरेको छ । उपमहानगरले छनोट गरेको उत्कृष्ट कर्मचारीलाई आगामी नगर दिवसमा १ फागुनमा जनही नगद ७५ हजार रूपैयाँसहित पुरस्कृत गरिनेछ ।

उपमहानगरपालिकाको लक्ष्य र उद्देश्य हासिल गर्न महत्वपूर्ण योगदान पुर्याएकाले उत्कृष्ट कर्मचारीको रूपमा छनोट गरिएको उपमहानगरका प्रमुख प्रशासकीय अधिकृत शिवराज चौलागाईले जानकारी दिए । १८ भाद्रमा बसेको कार्यपालिकाको बैठकले उत्कृष्ट कर्मचारी छनोट गरेको प्रमुख प्रशासकीय अधिकृत चौलागाईले २२ भाद्रमा एक सूचनामार्फत जानकारी गराएका हुन् ।

उत्कृष्ट कर्मचारीमा अधिकृतस्तरका गंगाकुमारी चौलागाई, विना माया थिङ, बसन्त कुमार सिटौला र सीताराम रिजाल छन् भने सिनियर अहेब रामानन्द चौधरी, डा. कमल प्रसाद अधिकारी, सिनियर अनमी निरीक्षक मञ्जु श्रेष्ठ, ग्रेडर अपरेटर बुद्धबहादुर थिङ र कार्यालय सहयोगी अरूणा उप्रेती रहेका छन् ।

## पानीको स्रोत तथा वितरण प्रणाली सफा राखौं !

– पानीका मुहान तथा स्रोतलाई सफा र सुरक्षित राखौं ।
– खानेपानीको मुहान तथा स्रोतमा गाईवस्तु, चराचुरुङ्गी तथा अन्य जीवजन्तु छिर्न नसक्ने गरी तारबार गरौं ।
– पानीको मूल, पानी प्रशोधन यन्त्र तथा पानी भण्डारण गर्ने ट्याङ्की समयसमयमा सफा गरौं ।
– घर तथा सार्वजनिक स्थलका पानी ट्यांकी, धाराका टुटी तथा पानी संकलन गरिएका भाँडा समयसमयमा सफा गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

## थाहा नगरपालिकाको सार्वजनिक सूचना।

- नयाँ निजि तथा सार्वजनिक भवनहरु निर्माण गर्नु अगाडि अनिवार्य रुपमा पालिकाको कार्यालयमा गई नक्सा पास गरौं ।
- भवन मापदण्डको पालना गरौं, सुरक्षित भविष्य सुनिश्चित गरौं।
- घटना घटेको ३५ दिन भित्रमा निःशुल्क रुपमा व्यक्तिगत घटना दर्ता गरौं ।
- समयमा नै कर तिरौं, नागरिक कर्तव्यको परिपालना गरौं ।
- सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरुले आ–आफ्नो वडा कार्यालयमा गई नाम दर्ता र विवरण अद्यावधिक गरौं ।
- बाल विवाह अन्त्य गरौं, बाल श्रम निर्मुल गरौं ।

थाहा नगरपालिका
नगर कार्यपालिका कार्यालय
इन्द्रायणी चौर, मकवानपुर

## कृषकहरुका लागि जनहितमा जारी सन्देश




- कृषि तथा पशु बिमा गरौं, व्यवसायमा हुने जोखिमबाट बचौं ।
- कृषिमा विषादी न्यूनीकरण गर्न आइपीएम प्रणाली अपनाऔं ।
- बेलाबेलामा खेतबारीको माटो परिक्षण गराई खेतिपाती गरौं ।
- घाँसमा आधारित पशुपालन गरौं, उत्पादन लागत घटाऔं ।
- जैविक र प्राङ्गारिक खेतीमा जोड दिऔं, उत्पादन बढाऔं ।
- घरपालुवा कुकुर र बिरालोलाई नियमित खोप लगाऔं, रेबिजबाट बचौं ।
- पशुलाई ६/६ महिनामा जुकाविरुद्ध औषधि खुवाऔं, पशुजन्य उत्पादन बढाऔं ।
- पशुलाई कुनै रोग लागेमा उपचारका लागि नजिकैको पशुसेवा केन्द्रमा सम्पर्क गरौं ।

थाहा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
इन्द्रायणी चौर, मकवानपुर

## राष्ट्रिय खोप-तालिका

| पटक/भेट | कुन उमेरमा | कुन खोप |
|---|---|---|
| १ | जन्मने वित्तिकै | बि. सि. जी. |
| २ | ६ हप्तामा | रोटा, पोलियो, पि. सि. भी., डि.पि.टी.-हेप बी-हिब |
| ३ | १० हप्तामा | रोटा, पोलियो, पि. सि. भी., डि.पि.टी.-हेप बी-हिब |
| ४ | १४ हप्तामा | पोलियो, एफ.आई.पि.भी., डि.पि.टी.-हेप बी-हिब |
| ५ | ९ महिनामा | एफ.आई.पि.भी., पि.सि.भी., दादुरा-रुबेला |
| ६ | १२ महिनामा | जापानिज इन्सेफलाइटिस |
| ७ | १५ महिनामा | दादुरा-रुबेला, टाइफाइड |

खोप लगाएता पनि सधै सरसफाईका सबै व्यवहारहरुको पालना गरौं ।

खोप निःशुल्क पाइन्छ | खोप सुरक्षित छ | खोपले जीवन रक्षा गर्छ

थाहा नगरपालिका

● दिगो विकास मल्टिमिडिया (प्रा.) लि.द्वारा प्रकाशित ● मुद्रण : श्रीया अफसेट प्रेस हेटौंडा ● कार्यालय : थाहा-४, मकवानपुर ● इमेलः bikaskhabar@gmail.com ● सम्पादक : कुमार नेगी